जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

स.नि.वि.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक १९१ २०८२ साल फागुन १८ गते सोमबार (2 Mar2026 Monday) मूल्य रु. ५/-

Log in : rajbirajdainik.com.np

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : डिजिटल युगमा लोकतन्त्रको ... ३ पृष्ठमा : मतदातालाई 'योग्य' उम्मेदवार ... ३ पृष्ठमा : इरान संकट चर्कियो, ...

## सार्वजनिक पद धारण गरेका सबैको सम्पत्ती छानवीन गर्ने सम्मका प्रतिबद्धता

**दैनिक समाचारदाता**
**राजविराज, १७ फागुन ।**

फागुन २१ गते हुने प्रतिनीधीसभा सदस्य निर्वाचनका लागी सप्तरीको क्षेत्र नं.१ का राष्ट्रिय एकता दलका उम्मेदवार शम्भु प्रसाद देवले आफनो चुनावी प्रतिबद्धता आइतबार सार्वजनिक गरेका छन ।



प्रतिबद्धता पत्रमा संघिय हिन्दु गणतन्त्र स्थापना, गौवंश हत्या विरुद्ध कडा कानुन, छुवाछुत, घरेलु हिंशा र दहेजमुक्त समाजको निर्माण, धर्मान्त्रण निषेध, मुस्लिम आयोग खारेज, २०४६ साल यता सार्वजनिक पद धारण गरेका सबै उच्च पदस्थ ब्यक्तिहरुको सम्पत्ती छानवीन गर्न उच्चस्तरिय न्यायिक आयोग गठन लगायतका विषय उनले समेटेका छन ।

उनले सार्वजनिक गरेको चुनावी प्रतिबद्धता पत्रमा कुषीलाई आधुनिक र नाफामुलक बनाउने, क्षेत्रमा विश्वस्तरीय प्राविधीक विश्वविद्यालय खोल्ने, कोशी टप्पु बन्यजन्तु आरक्ष क्षेत्रलाई समुदायको सहभागितामा व्यवस्थित पार्ने, अन्तरिक्ष अवलोकन अन्वेशन अनुसन्धान तथा विज्ञान पार्क निर्माण गर्ने उल्लेख छ ।

कृषी पशुपंक्षी विकास मन्त्रालय अन्तर्गत देशका विभिन्न कार्यालयमा जिम्मेवारी सम्हाल्दै सेवानिवृत भई राजनीतिकमा होमिएका उनले आफ्नो प्रतिबद्धता पत्रमा किसानका लागी समय मै मलखाद्य, विउ विजन र सिंचाईको व्यवस्था, बाढी कटान नियन्त्रणका लागी बायोइन्जिनीयरीङ्ग प्रवृधिको प्रयोग, २१ वर्ष उमेर सम्मका छात्र छात्रालाई निःशुल्क शिक्षा, भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्ने, स्थानीयस्तरमा विभिन्न शिप विकास कार्यक्रम संचालन गरी स्वरोजगार सिर्जना गर्ने, सबैको स्वास्थ्य विमा र समाजिक सुरक्षा सुविधा बृद्धी गर्ने तथा क्षेत्रका जनतालाई विश्वसनीय र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न एउटा स्तरीय अस्पताल निर्माण गर्ने लगायतका ऐजेण्डा पनि उनले आफ्नो प्रतिबद्धता पत्रमा समेटेका छन ।

६० वर्षिय देव कृषि विज्ञका रुपमा चर्चित छन । चितवनको रामपुर कृषि क्याम्पसबाट स्नाकोत्तर गरेका उनी निदरल्याण्ड र श्रीलंकाबाट समेत कृषीमा उच्च शिक्षा हासिल गरेका छन । त्यसैले अन्य एजेन्डासंगै उनले कुषिक्षेत्रलाई उच्च प्राथमित्तामा राखेका छन ।

## निर्वाचनको तयारी अन्तिम चरणमा

काठमाडौं, १७ फागुन (रासस) ।

यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको सम्पूर्ण तयारी अन्तिम चरणमा पुगेको छ । निर्वाचनका लागि मतपत्र, मतपेटिका तथा निर्वाचन सामग्री सबै जिल्लामा पुऱ्याइसकिएको छ ।

पहाडी र हिमाली जिल्लाका मतदान केन्द्रमा खटिइने मतदान अधिकृतले आवश्यक निर्वाचन सामग्री बुझबुझारथ गरी कार्यक्षेत्रतर्फ लागि सकेका छन् भने तराई-मधेस र सहरी जिल्लामा भने मतदान अधिकृतको अनुशिक्षण भइरहेको छ ।

"दुर्गम जिल्लाका मतदान केन्द्रमा आवश्यक सामग्रीसहित कर्मचारी खटिइसकेका छन्", निर्वाचन आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले भन्नुभयो, "आसन्न निर्वाचनको प्राथमिकता जिल्लाबाट निर्वाचन क्षेत्रतर्फ सरेको छ ।" आयोगका तर्फबाट जिल्लामा सम्पादन हुने काममा सहजीकरण भइरहेको जनाउँदै उहाँले शनिबार पनि अधिकांश जिल्लामा मतदान अधिकृतका लागि तालिम सञ्चालन भइरहेका बताउनुभयो ।

मतदान केन्द्र रहेका विद्यालय, स्वास्थ्य संस्था, वडा कार्यालयलगायत भौतिक संरचना मतदान कार्यमा उपयोग गर्नका लागि उपलब्ध गराइदिन सङ्घीय सरकार र सम्बन्धित स्थानीय तहलाई अनुरोध गरिसकिएको पनि उहाँले बताउनुभयो । निर्वाचन सुरक्षा, अत्यावश्यक सेवाको सञ्चालन र सहजीकरण, निर्वाचन र मतदान प्रक्रियामा समन्वय र व्यवस्थापनका क्षेत्रमा आवश्यक निर्णय आयोगबाट भइसकेको छ ।

यसैबीच, राससका चितवन समाचारदाताका अनुसार तीनवटै निर्वाचन अधिकृतको कार्यालयमा आवश्यक सामग्री पठाइएको छ । यही फागुन १८ गते बिहानदेखि ती सामग्री मतदान अधिकृतले बुझेर लैजानेछन् । मतदानमा खटिने कर्मचारी छनोट, मतदान अधिकृत र सहायक अधिकृतलाई अभिमुखीकरणको कार्यक्रम सम्पन्न भइसकेको जिल्ला निर्वाचन कार्यालयका प्रमुख भीमसेन कार्कीले जानकारी दिनुभयो ।

चितवनका ४९४ मतदान केन्द्रमा मतदान अधिकृत, सहायक अधिकृत र अन्य कर्मचारी गरेर दुई हजार ९६४ जना कर्मचारी खटिने छन् । चितवनका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले निर्वाचन शान्तिपूर्ण वातावरणमा सम्पन्न गर्न चारवटै सुरक्षा निकाय परिचालित भएको जानकारी दिनुभयो ।

**पैँसट्ठी राजनीतिक दल चुनावी प्रतिस्पर्धामा**

निर्वाचनका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली (प्रत्यक्ष)तर्फ ६१ वटा निर्वाचन चिह्नमा ६५ वटा राजनीतिक दलले प्रतिस्पर्धा गर्दैछन् । प्रत्यक्षतर्फ तीन हजार १७ पुरुष, ३८८ महिला र एक अन्य गरी तीन हजार ४०६ उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् ।

त्यसैगरी, सामानुपातिक निर्वाचन प्रणालीतर्फ एक हजार ३६३ पुरुष र एक हजार ७७२ महिला गरी तीन हजार १३५ उम्मेदवार प्रतिस्पर्धामा छन् । प्रत्यक्षतर्फ १६५ निर्वाचन क्षेत्र र समानुपातिकतर्फ ११० स्थानका लागि निर्वाचन हुनेछ ।

यसपटकको निर्वाचनमा ९६ लाख ६३ हजार ३५८ पुरुष, ९२ लाख ४० हजार १३१ महिला र २०० अन्य गरी एक करोड ८९ लाख तीन हजार ६८९ मतदाता छन् । एक लाख ८६ हजार १४२ अस्थायी मतदाता कायम भएको आयोगले जनाएको छ ।

***बाँकी तीन पृष्ठमा***

## चार्जमा लगाएर मोवाईलमा कुरा गर्दै गर्दा महिला गम्भिर घाईते

**दैनिक समाचारदाता**
**राजविराज, १७ फागुन ।**

मोवाईल चार्जमा लगाएर कुरा गर्दै गर्दा एक महिला करेन्ट लागेर गम्भिर घाईते भएकी छिन् ।

सप्तरीको महदेवा गाउँपालिका २ की २४ बर्षीया विमला ठाकुर आईतबार विहान चार्जमा लगाइएको मोवाइलबाटै घर बाहिर रहेका आफन्तसंग कुराकानी गर्दै गरेको अवस्थामा अचानक करेन्ट लागेर घाइते भएकी हुन् ।

विद्युतीय वोर्डमा चार्जमा लगाइएको अवस्थामै मोवाईलबाट कुराकानी गरिरहेका बेला अचानक तारबाट बगेको करेन्टले ठाकुर बेहोस भएकी थिईन् ।

उनलाई तत्कालै आफन्तले राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पताल पुर्याएका थिए ।



जिल्लामा पटक पटक यस्ता घट्ना दोहोरिने गरेको भएपनि सावधानी नअपनाउँदा र लापरवाही पुर्वक मोवाइल चलाउँदा यस्ता घट्नाले निरन्तरता पाईरहेको अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. अवधेश मिश्राको भनाई छ ।

## मधेसमा सुरक्षा व्यवस्था कडा

जनकपुरधाम, १७ फागुन (रासस) ।

प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गरी मधेस प्रदेशमा सुरक्षा व्यवस्था कडा पारिएको छ । निर्वाचन आचारसंहिता उल्लङ्घन हुन नदिन तथा निष्पक्ष तथा शान्तिपूर्ण वातावरण कायम गर्नका लागि योजनाबद्ध रुपमा निर्वाचनको तयारी भइरहेको मधेस-प्रदेश प्रहरी कार्यालय जनकपुरधामले जनाएको छ ।

प्रदेशसँग जोडिएका नेपाल -भारत सीमाक्षेत्रमा सुरक्षामा कडाइ गरिएको छ । चेक प्वाइट खडा गरिएको छ भने विशेष निगरानी भइरहेको छ । आठवटै जिल्लाका मतदान केन्द्रहरुको सुरक्षा सन्दर्भमा अनुगमन तथा निरीक्षण भइसकेको सो कार्यालयले जनाएको छ ।

कार्यालयका अनुसार मधेस-प्रदेशमा दुई हजार १६० मतदानस्थलमध्ये एक हजार २४६ मतदानस्थल अतिसंवेदनशील अवस्थामा छन् । प्रदेशमा भारतीय सीमासँग जोडिएका अधिकांश मतदानस्थल अतिसंवेदनशील छन् । त्यसको अनुगमन तथा सुरक्षाका उपायबारे योजनाबद्ध तरिकाले कार्य अगाडि बढाइएको मधेस-प्रदेश प्रहरी कार्यालयका प्रवक्ता कमल थापाको भनाइ छ ।

प्रदेशका सबै जिल्लाका सुरक्षा समितिको अध्ययन अनुसार अतिसंवेदनशील वर्गीकरण गरिएको उहाँले भन्नुभयो ।

मधेस-प्रदेशमा प्रतिनिधिसभाका लागि ३२ वटा निर्वाचन क्षेत्र रहेकामध्ये एक हजार २४६ मतदानस्थल अतिसंवेदनशील अवस्थामा रहेको, ७५५ मतदानस्थल संवेदनशील अवस्थामा रहेको तथा १५९ मतदानस्थल सामान्य अवस्थामा रहेको बताइएको छ ।

सप्तरीमा २९६ मतदान स्थलमध्ये २०९ वटा मतदानस्थल अतिसंवेदनशीलको सूचीमा छन् । त्यस्तै सिरहाका १५४, धनुषाका १९४, महोतरीका १६३, सर्लाहीका १५८, रौतहटका १५२ तथा बाराका १४५ मतदानस्थल अतिसंवेदनशील सूचीमा राखिएको छ ।

मधेस प्रदेशमा कूल चार हजार ४७१ मतदान केन्द्र रहेको जनाइएको छ । निर्वाचनमा प्रदेशमा विभिन्न राजनीतिक दल तथा स्वतन्त्रगरी एक हजार २८ जना उम्मेदवार छन् । प्रदेशमा ३५ लाख १७ हजार १२३ मतदाता छन् । जसमा पुरुषको सङ्ख्या १९ लाख पाँच हजार ८१९ तथा महिलाको सङ्ख्या १६ लाख ११ हजार ३०४ रहेको जनाइएको छ ।

**सडक प्रयोग गर्दा ध्यान दिऔं।**

❖सडक सीमा अतिक्रमण नगरौं।
❖सडक सीमामा अस्थायी एवं स्थायी संरचना निर्माण नगरौं।
❖सडकको नाली, ढल तथा पानी निकास बन्द हुन नदिऔं।
❖सवारी चलाउँदा लेन अनुशासन पालना गरौं र गराऔं।
❖सवारी चलाउँदा ट्राफिक नियमको पालना गरौं।
❖सवारी साधनमा झुण्डिएर वा छतमा बसेर यात्रा नगरौं।
❖सडकको क्षमताभन्दा बढी भार प्रयोग नगरौं।
❖जेब्रा क्रसिङबाट मात्रै बाटो काट्ने गरौं।
❖सडकको तत्काल मर्मतसम्भार गर्ने गरौं।

यात्राको क्रममा कुनै समस्या भए नजिकको प्रहरीलाई खबर गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### मूल्यवृद्धि, जनतामाथिको अन्याय

निर्वाचन लोकतन्त्रको महत्वपूर्ण पर्व हो । जनताले आफ्नो मताधिकार प्रयोग गरी नेतृत्व चयन गर्ने यस समयमा बजारमा कृत्रिम मूल्यवृद्धि हुनु अत्यन्तै दुःखद र निन्दनीय कार्य हो । चुनावी माहोलको फाइदा उठाउँदै केही व्यापारी तथा बिचौलियाले दैनिक उपभोग्य वस्तुहरूको मूल्य अस्वाभाविक रूपमा बढाउने प्रवृत्ति देखिन्छ, जसले सर्वसाधारण नागरिकलाई प्रत्यक्ष मारमा पार्छ । निर्वाचनको समयमा राजनीतिक गतिविधि बढ्छ, सभा-जुलुस, प्रचार-प्रसार र आवतजावत तीव्र हुन्छ । यस कारण बजारमा माग बढेको बहानामा खाद्यान्न, इन्धन, पानी, यातायात भाडा तथा अन्य आवश्यक वस्तुहरूको मूल्य कृत्रिम रूपमा बढाइन्छ । तर माग बढ्नु मात्र मूल्यवृद्धिको औचित्य हुन सक्दैन । नियमनकारी निकायले बजार अनुगमन प्रभावकारी बनाउन नसक्दा यस्ता विकृति बढ्दै जान्छन् ।

कृत्रिम मूल्यवृद्धिले विशेषगरी निम्न तथा मध्यम आय भएका परिवारलाई सबैभन्दा बढी असर पार्छ । दैनिक ज्यालादारी गरेर गुजारा चलाउने नागरिकलाई चुनावी उत्सव महँगो बन्न पुग्छ । लोकतन्त्रको पर्व भनिएको निर्वाचन जनताका लागि आर्थिक बोझ बन्नु विडम्बनापूर्ण अवस्था हो । यस समस्याको समाधानका लागि सम्बन्धित निकायले कडा बजार अनुगमन गर्नुपर्छ । मूल्यसूची सार्वजनिक गर्ने, अनुगमन टोली सक्रिय बनाउने, उपभोक्ता अधिकार संरक्षणलाई प्राथमिकता दिने तथा दोषीमाथि कडा कारबाही गर्ने व्यवस्था हुनुपर्छ । साथै उपभोक्ताहरू स्वयं पनि सचेत भई अत्यधिक मूल्य असुली भएको अवस्थामा सम्बन्धित निकायमा उजुरी गर्नुपर्छ ।

तसर्थ निर्वाचन केवल मत हाल्ने प्रक्रिया मात्र होइन, सुशासन र उत्तरदायित्वको परीक्षा पनि हो । चुनावी समयमा हुने कृत्रिम मूल्यवृद्धि रोक्न सरकार, व्यवसायी र उपभोक्ता सबै पक्ष जिम्मेवार बन्न आवश्यक छ ।


डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# डिजिटल युगमा लोकतन्त्रको परीक्षण

**धर्मेन्द्र झा**

काठमाडौँ, १७ फागुन (रासस) ।

कुनै ठूलै बिघ्नबाधा उत्पन्न नभए नेपाली मतदातताले प्रतिनिधिसभा सदस्यको चुनाव गर्न आजको चौथौँ दिन अर्थात् २०८२ फागुन २१ गते बिहीबार मतदान गर्नेछन् । निर्वाचन आयोगले शुक्रबार (फागुन १४) पत्रकार सम्मेलनमार्फत निर्वाचन सुनिश्चितताबारे सबै सरोकारवालालाई आश्वस्त बनाउने प्रयत्न गरेको छ । आयोगले उम्मेदवार मनोनयनको प्रक्रिया सम्पन्न गरेर पछिल्लो समयमा कानुनी प्रक्रियाका आधारमा आचारसंहिता लागू गर्ने र मतदाता शिक्षालगायत कार्य गर्दैछ । यो निकै सकारात्मक छ । यति हुँदाहुँदै पनि सम्भावित चुनौतीबारे सबैले सचेत रहनु जरुरी छ ।

समयसँगै भित्रिएको प्रविधिगत विकासले निम्त्याएको/निम्तिएको चुनौती त्यस्तै एक होभन्दा अन्यथा नठहरिएला । प्रविधिगत चुनौतीको कुरा गर्दा सर्वाधिक प्रमुख छ सञ्चार प्रविधि क्षेत्रको चुनौती । प्रविधिगत विकासका आयामलाई प्रत्येक अवस्थामा चुनौती मानिनु हुँदैन, होइन पनि । तर यिनको प्रयोग कुनै पनि व्यक्ति वा समूहले आफ्ना नीहित स्वार्थलाई सर्वोपरि मानेर अरुलाई नकारात्मक असर पर्नेगरी प्रयोग गर्ने मनसाय राख्छ वा प्रयोग गर्छ भने त्यसले निश्चित रुपमा चुनौती निम्त्याउँछ । यस अवस्थाबाट अर्थात् यस्तो चुनौतीबाट आसन्न निर्वाचनको प्रक्रिया पनि प्रभावित छैन वा हुँदैन भनेर भन्न सकिने अवस्था नरहन सक्छ । प्रविधिको सदुपयोगले मानव जीवनलाई सहज र सुविधासम्पन्न बनाउँछ भन्ने अपेक्षा र विश्वास गरिन्छ तर यो कुरा निश्चय पनि यसको प्रयोगको विधि र नियतमा भरपर्छ ।

निर्वाचन लोकतन्त्रलाई थप मजबुत बनाउने, सामाजिक सद्भाव र वैचारिक सहअस्तित्वलाई गहिरो बनाउने अवसर पनि हो । आसन्न निर्वाचनका माध्यमबाट निषेध र अराजक सोचलाई विस्थापित गर्दै कानुनको शासन र सुशासनका पक्षमा नयाँ, जिम्मेवार सोचको उदय हुनुपर्छ र यसका लागि मतदाताको विवेकपूर्ण निर्णय अत्यन्तै महत्वपूर्ण हुन्छ । निश्चय पनि आसन्न चुनाव सचेत नागरिकको निर्णयले ऐतिहासिक बन्न सक्नुपर्छ । हामी सबैलाई जानकारी छ, प्रतिनिधिसभा निर्वाचन नजिकिँदै गर्दा राजनीतिक गतिविधि तीव्र बन्दै गएका छन् । नागरिकलाई आफ्ना प्रतिनिधि छान्ने संवैधानिक अधिकार प्रदान गर्ने निर्वाचन लोकतन्त्रको सुदृढीकरणका लागि एक महत्वपूर्ण आधार हो ।

माथि पनि चर्चा गरियो, यसपटकको निर्वाचनका सन्दर्भमा सूचना प्रविधिको विकास एक बलियो चुनौतीका रुपमा उपस्थित भएको छ । यसपटकको निर्वाचनमा परम्परागत प्रचारप्रसारसँगै डिजिटल प्लेटफर्म र अनलाइन स्पेसको प्रयोग अत्यधिक बढेको छ । यही बढ्दो डिजिटल प्रयोगसँगै केही गम्भीर चुनौती पनि सतहमा देखिएका छन् । जतिजति चुनाव नजिकिँदैछ, आफ्नै स्वार्थका लागि अरूको बदनाम गर्ने प्रवृत्ति पनि बढ्दो छ । यस कार्यमा सूचना प्रविधिको प्रयोग गरिँदैछ र डिजिटल स्पेसलाई माध्यम बनाइँदैछ । फेक खबर, डिपफेक भिडियो, घृणा फैलाउने सामग्री अहिले कुनै पनि मतदाताका मोबाइलमै आइपुग्न सक्छन् । मतदातासामु भावनामा बगेर नझुक्किने चुनौतीको सामाना गर्ने बाध्यात्मक अवस्था आइपर्न सक्छ । विचारणीय छ, आफ्नो मोबाइलसम्म अनपेक्षित, अनिच्छित र अवाञ्छित रुपमा आइपुगेका सूचनालाई पुष्टि गरेर मात्र प्रयोग गर्ने वा नगर्ने अतिरिक्त मानसिक दबावमा छन् मतदाता ।

आजका मतदाता कुनै पनि सूचनामाथि त्यतिकै सरल र सहज रुपमा विश्वास गरिहाल्नसक्ने अवस्थामा छैनन्भन्दा असत्य ठहर्दैन । निश्चय पनि अप्रमाणित कुराका आधारमा धारणा बनाउनु उचित हुँदैन । इन्टरनेटमा आधारित माध्यमको प्रयोग गरेर स्वार्थ समूहले फैलाएको 'प्रोपोगण्डा'को उपस्थितिमा मतदाता दिग्भ्रमति हुनसक्ने अवस्थामा छन् र उनीहरु उचित निर्णय लिने क्रममा अत्यन्तै सकसपूर्ण अवस्थाको सामाना गर्न बाध्य छन् । मतदाताले सचेत अवस्थामा उचित निर्णय गर्न नसकेको अवस्थामा गलत सूचनाले हाम्रो लोकतन्त्रलाई नै भ्रमित बनाउन सक्छ ।

प्रविधिको प्रयोग नराम्रो होइन तर दुरुपयोग भने नराम्रो हो । यो आलेख तयार गर्ने सन्दर्भमा पनि एआई (कृत्रिम बौद्धिकता)लगायतका सूचना प्रविधिसम्बद्ध संयन्त्रहरुको सहयोग लिने प्रयत्न गरिएको छ । केही प्रश्न सोधेर उत्तर खोज्ने र सही विश्लेषण्को प्रयत्न भएको छ । उद्देश्य आममतदाताको हित रक्षा हो । यसलाई नकारात्मक मान्न नसकिएला, तर यही संयन्त्रलाई प्रयोग गरेर कसैले गलत सूचनामा आधारित विश्लेषण प्रस्तुत गरेर मतदातालाई आफ्नो स्वार्थ अनुकूल प्रभावित गर्ने उद्देश्य राख्दछ भने निश्चय पनि त्यो गलत हो ।

डिजिटल स्पेसले विगतको निर्वाचन प्रचारको शैलीलाई नै परिवर्तन गरेको छ । वर्तमानको डिजिटेल स्पेसले विगतका निर्वाचनमा प्रयोग हुने गरेको पर्चा, पोस्टर-पम्प्लेटको स्थान, स्वरुप र शैलीमा परिवर्तन गरेको छ । यी सबै कार्य अहिले डिजिटल प्लेटफर्ममार्फत हुन थालेका छन् ।

यस्तै विगतको भित्तेलेखनले पनि कुनै न कुनै रुपमा डिजिटल स्पेसमा स्थान सुरक्षित गरेको छभन्दा अन्यथा ठहर्दैन । विगतमा घरदैलो कार्यक्रम, आमसभा, सञ्चारमाध्यम मुख्य प्रचार माध्यम हुन्थे भने अहिले सामाजिक सञ्जाल, अनलाइन न्यूज पोर्टल, भिडियो प्लेटफर्म, म्यासेजिङ एप र एआई प्रविधिको प्रयोगले प्रचारको स्वरूप नै परिवर्तन गरिदिएको छ । कसैको पनि असहमति नहोला, वर्तमानमा फेसबुक, टिकटक, युट्युब, एक्स (ट्विटर)जस्ता प्लेटफर्महरू राजनीतिक बहस र प्रचारका प्रमुख माध्यम बनेका छन् । आसन्न निर्वाचन पनि अपवाद बन्ने कुरा भएन । उम्मेदवार र दलहरूले मतदातासम्म छिटो र प्रत्यक्ष रुपमा पुग्न डिजिटल माध्यमलाई प्राथमिकता दिएका छन् । यसले सूचना पहुँच सहज बनाएको छ र युवापुस्ताको सहभागिता पनि बढाएको मान्न सकिएला तर यसै उपक्रममा अनेक जटिलता पनि थपिएका छन् । सकारात्मक पक्षसँगै नकारात्मक पक्ष पनि उत्तिकै देखिन थालेका छन् ।

डिजिटल स्पेसमा मिथ्या सूचना, दुराशययुक्त सूचना र अफवाहहरूको बाढी आएको छ । कतिपय अवस्थामा झुटा भिडियो, फोटो सम्पादन, एआईमार्फत बनाइएका नक्कली आवाज, भ्रामक तथ्याङ्क आदिको प्रयोग गरी मतदातालाई भ्रमित पार्ने प्रयास भइरहेको देखिन्छ । यसले आममतदाताको मनोविज्ञानमा प्रभाव पार्छ, उनीहरूलाई अन्योलमा पार्छ र गलत निर्णय लिन प्रेरित गर्न सक्छ । माथि पनि चर्चा गरियो उचित निर्णयको अभावमा समग्र लोकतन्त्र नै प्रभावित हुनसक्ने सम्भावनालाई अस्वीकार गर्न सकिँदैन । निर्वाचन आयोग यस सम्भावनाप्रति सचेत छ र आवश्यक पहल गरिरहेको छ तर आयोग मात्रैको प्रयासले यो कार्यमा सायद पूर्णतः सफलता प्राप्त गर्न कठिन हुन सक्छ । सबैको सहयोग अपेक्षित छ ।

एल्गोरिदमद्वारा सिर्जित हुने 'इको चेम्बर' डिजिटल प्लेटफर्मको अर्को चुनौती हो । सामाजिक सञ्जालले प्रयोगकर्तालाई उनीहरूले रुचाएका वा पहिले हेरेका वा प्रयोग गरेका जस्तै सामग्री बारम्बार देखाउँछ । यसले व्यक्ति एउटै विचारधारामा सीमित हुने र फरक दृष्टिकोण सुन्न नचाहने अवस्था सिर्जना गर्छ । यस अवस्थामा स्वस्थ बहस र सहिष्णु संवादको संस्कृति कमजोर हुनसक्ने सम्भावनालाई अस्वीकार गर्न सकिँदैन । मतदाताले बहुआयामिक सूचना पाउन नसक्दा स्वतन्त्र निर्णय गर्ने क्षमतामा असर पर्न सक्छ ।

आयोगका अनुसार शुक्रबारसम्म स्वच्छ निर्वाचन प्रभावित पार्ने उद्देश्यले निर्माण गरिएका ६१२ वटा 'टक्सिक सूचना सामग्री'लाई कारबाही गरिएको छ । आयोगका अनुसार विभिन्न नियामक निकायसँगको समन्वयमा त्यस्ता 'टक्सिक सूचना सामग्री'लाई कारबाही गरिएको हो । आयोगको कारबाहीमा परेका त्यस्ता 'टक्सिक सूचना सामग्री'मध्ये ५४ प्रतिशत एआई निर्मित छन् । यस सन्दर्भमा एउटा कुरा मननीय छ, त्यो के भने कारबाही गरिएका उक्त परिमाणका 'टक्सिक' सूचना सामग्री निर्वाचन आचारसंहिता लागू भएपछिका दिनका हुन् । निर्वाचन त तिथि घोषित भएकै मितिदेखि दल, उम्मेदवार र मतदातालाई लागिसकेको पृष्टभूमिमा यस्ता मिथ्या सूचना कति प्रवाहित भएका होलान् ? निश्चय पनि यकीन गर्न सकिँदैन ।

यतिमात्र होइन, डिजिटल स्पेस असुरक्षित बन्दै गएको आँकलन गरिएको छ । जानकारहरुका अनुसार व्यक्तिगत डाटा चोरी, गोपनीयता उल्लङ्घन, ट्रोलिङ, साइबर दुर्व्यवहार र घृणात्मक अभिव्यक्तिजस्ता समस्या पछिल्ला समयमा बढेका छन् । यस्तोमा यी समस्याको उपस्थितिमा राजनीतिक प्रतिस्पर्धा तीव्र हुँदा अनलाइन आक्रमण र चरित्र हत्या गर्ने प्रवृत्ति बढ्न सक्छ । यस्तो वातावरणमा आममतदाताले मानसिक दबाब महसुस गर्न सक्छन् । लगातार नकारात्मक सन्देश, उत्तेजक सामग्री र भय पैदा गर्ने सूचनाले तनाव र असुरक्षा बढाउनु स्वाभाविक हो । अहिलेको अवस्थामा यो प्रवृत्ति हाबी हुन खोजेको छ भन्नु असङ्गत हुँदैन । भोलि १८ गतदेखि मौन अवधि सुरु हुँदैछ । यस अवधिमा परिचित वा अपरिचित डोमेनबाट डिजिटल स्पेसमार्फत हस्तक्षेप बढाउने प्रयास हुनसक्छ । अतः यस अवधिमा डिजिटल स्पेसको अनुगमन अझै सावधानी अपनाउनु अपरिहार्य छ ।

एआइ प्रविधि स्वयंमा सकारात्मक सम्भावना बोकेको साधन हो । यसलाई मतदाता शिक्षा, तथ्य परीक्षण, सूचना विश्लेषण र पारदर्शिता बढाउन प्रयोग गर्न सकिन्छ । तर हाल एआईको नकारात्मक प्रयोग बढी हुन थालेको आशङ्का छ । उदाहरणका लागि, एआईमार्फत नक्कली भिडियो वा अडियो बनाएर उम्मेदवारको छवि बिगार्ने प्रयास, गलत उद्धरण फैलाउने वा सामाजिक विभाजन बढाउने सामग्री उत्पादन गर्नेजस्ता गतिविधि हुन सक्छन् । निश्चय पनि यसबाट लोकतान्त्रिक प्रक्रियामा प्रत्यक्ष असर पर्न सक्छ ।

लोकतन्त्रको मूल आत्मा भनेको स्वतन्त्र, सूचित र विवेकी मतदाताको निर्णय हो । मतदाता भ्रमित भए, मानसिक दबाबमा परे वा गलत सूचनाबाट प्रभावित भए भने निर्वाचनको निष्पक्षता र विश्वसनीयता कमजोर हुन सक्छ । त्यसैले डिजिटल स्पेसमा फैलिने मिथ्या तथा दुराशययुक्त सूचनालाई नियन्त्रण गर्नु आवश्यक छ । यसका लागि राज्य, राजनीतिक दल, सञ्चारमाध्यम, प्रविधि कम्पनी र नागरिक सबैको साझा जिम्मेवारी हुन्छ ।

सारमा, यो अवस्था रोकिनु आवश्यक छ । निर्वाचन केबल राजनीतिक प्रतिस्पर्धा मात्र होइन, लोकतन्त्रको आधारशिला हो । स्वतन्त्र चिन्तन र निर्णय गर्ने मतदाताको अधिकारको सुरक्षा गर्नु राज्यको दायित्व हो । डिजिटल प्रविधि लोकतन्त्रलाई सशक्त बनाउने माध्यम बन्नुपर्छ, कमजोर पार्ने हतियार होइन । यसको सकारात्मक प्रयोगलाई प्रोत्साहन गर्दै नकारात्मक दुरुपयोगलाई नियन्त्रण गर्न सकिएमा मात्र निर्वाचन प्रक्रिया स्वच्छ, निष्पक्ष र विश्वसनीय बन्न सक्छ, यसमा विमति हुन सक्दैन । यस्तोमा प्रतिनिधिसभा निर्वाचन केबल प्रतिनिधि चयन गर्ने अवसर मात्र होइन, डिजिटल युगमा लोकतन्त्रको परीक्षण गर्ने औजार पनि हो । डिजिटल स्पेसलाई सुरक्षित, विश्वसनीय र जिम्मेवार बनाउन सकियो भने मतदाताको स्वतन्त्रता सुरक्षित रहन्छ र लोकतन्त्र अझ सुदृढ बन्ने सुनिश्चित हुन्छ । *(लेखक राष्ट्रिय समाचार समितिका कार्यकारी अध्यक्ष हुनुहुन्छ)*

# मतदातालाई 'योग्य' उम्मेदवार छनोटका लागि 'मन्थन' गर्न मौन अवधि

काठमाडौं, १७ फागुन (रासस)।

पूर्वप्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले मौन अवधिले स्वच्छ र स्वतन्त्र वातावरणमा विवेकपूर्ण ढङ्गले मतदान गर्न मतदातालाई अवसर सिर्जना गर्ने भएकाले त्यसको पूर्णपालनाका लागि आग्रह गर्नुभएको छ।

उहाँले निर्वाचन व्यवस्थापन गर्ने निकायलाई सबै किसिमको बन्दोबस्त गरेर शान्तिसुरक्षा र सुव्यवस्थासहित भयरहित वातावरणमा निर्वाचन गर्नका लागि वातावरण तय गर्न मौन अवधिको व्यवस्था गरिएको स्पष्ट पार्नुभयो।

यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको मौन अवधि फागुन १८ गते राति १२ बजेदेखि लागू हुँदैछ। मौन अवधि र यसको महत्त्वबारे राससँगको कुराकानीमा पूर्वप्रमुख निर्वाचन आयुक्त थपलियाले भन्नुभयो, "निर्वाचन प्रचारप्रसार अभियान क्रममा मतदातालाई विभिन्न किसिमका तनाव, दबाब र आश्वासन निरन्तर प्राप्त भइरहन्छ। त्यस्तो अवस्थामा सबैको कुरालाई मन्थन गरेर उपयुक्त व्यक्तिलाई मतदान गर्नका निम्ति 'फ्रेस' भएर जान सक्ने अवस्था सिर्जना गर्न मौन अवधिको परिकल्पना गरिएको हो।"

आ-आफ्नो दृष्टिकोण, योजना र कार्यक्रम लिएर मतदातासम्म पुगेका उम्मेदवार र राजनीतिक दललाई आफ्नो प्रचारप्रसारको ठण्डा दिमागले समीक्षा गरेर आनन्दले मतदान गर्न जाने र मतपरिणाम कुर्ने समयका रूपमा लिइने गरिएको छ।

मौन अवधिको समय निर्वाचन व्यवस्थापकीय हिसाबले पनि अत्यन्त महत्त्वपूर्ण हुने पूर्वप्रमुख निर्वाचन आयुक्त थपलियाको भनाइ छ। "मौन अवधिले निर्वाचन गराउने जनशक्ति र सुरक्षा फौजलाई सबैखाले कामबाट मुक्त गरेर शान्तपूर्ण वातावरणमा निर्वाचनको व्यवस्थापन गर्ने अवसर प्रदान गर्छ", उहाँले भन्नुभयो, "यस अवधिमा मतदान केन्द्र बनाउने, मतदाता लाइनको व्यवस्थापन गर्ने, शान्ति सुरक्षाको अवस्था मूल्याङ्कन गर्ने गरिन्छ।"

विश्वका कतिपय मुलुकमा २४ देखि ७२ घण्टासम्म मौन अवधि तोक्ने चलन छ।

पूर्वप्रमुख आयुक्त थपलियाले भयरहित वातावरणमा प्रभावकारी ढङ्गले निर्वाचन सम्पन्न गर्ने र मतदातालाई सुसूचित भई सचेततापूर्वक 'योग्य र रोजेको' उम्मेदवारलाई मतदानका निम्ति निर्णयमा पुग्न प्रदान गरिएको समयका रूपमा लिइने बताउनुहुन्छ।

मौन अवधिमा मत माग्न, पोष्ट गर्न, निर्वाचनलाई प्रभाव पार्ने गरी हिँडडुल गर्न, कुनै किसिमको भेला, भाषण र छलफल गर्न हुँदैन। निर्वाचनलाई प्रभाव पार्ने गरी कुनै पनि गतिविधि गर्न पाइँदैन। सामान्यत: निर्वाचन प्रचारप्रसारको कार्य निषेध गरिएको अवधिलाई मौन अवधि भनिन्छ। मतदानका लागि शान्त वातावरण कायम गराउने उद्देश्यले मतदानका दिनभन्दा अघि निश्चित समयावधि तोकी मौन अवधि घोषणा गरिन्छ।

मतदान हुने दिन सुरु हुनुभन्दा ४८ घण्टा अघिदेखि मौन अवधि सुरु भई मतदान सम्पन्न नहुन्जेलसम्म कायम रहन्छ। उम्मेदवार, राजनीतिक दल तथा सम्बन्धित व्यक्तिले मौन अवधिमा विशेष आचारण पालना गर्नुपर्ने निर्वाचन आयोगले जनाएको छ।

मौन अवधि सुरु हुनुभन्दा अगाडि मतदान केन्द्रको ३०० मिटर वरिपरि राखिएका आ-आफ्ना निर्वाचन चिह्न तथा प्रचारप्रसारका सामग्री हटाएको हुनुपर्ने निर्वाचन आचारसंहितामा उल्लेख छ। उक्त अवधिमा एसएमएस, फेसबुक, भाइबर जस्ता विद्युतीय माध्यमद्वारा प्रयोग गरिने सामाजिक सञ्जालमार्फत मत माग्न र निर्वाचन प्रचारप्रसार गर्न पाइने छैन। यस्तै, उम्मेदवार वा राजनीतिक दलको प्रचारप्रसार हुनेगरी कुनै समाचार वा सूचना प्रकाशन वा प्रसारण गर्न पाइँदैन।

आउँदो बिहीबार हुने निर्वाचनका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली (प्रत्यक्ष) तर्फ ६१ वटा निर्वाचन चिह्नमा ६५ वटा राजनीतिक दलले प्रतिस्पर्धा गर्दैछन्। प्रत्यक्षतर्फ तीन हजार १७ पुरुष, ३८८ महिला र एक अन्य गरी तीन हजार ४०६ उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन्।

यस्तै, सामानुपातिक निर्वाचन प्रणालीतर्फ एक हजार ३६३ पुरुष र एक हजार ७७२ महिला गरी तीन हजार १३५ उम्मेदवार प्रतिस्पर्धामा छन्। प्रत्यक्षतर्फ १६५ निर्वाचन क्षेत्र र समानुपातिकतर्फ ११० स्थानका लागि निर्वाचन हुनेछ।

यसपटकको निर्वाचनमा ९६ लाख ६३ हजार ३५८ पुरुष, ९२ लाख ४० हजार १३१ महिला र २०० अन्य गरी एक करोड ८९ लाख तीन हजार ६८९ मतदाता छन्। यसैगरी, एक लाख ८६ हजार १४२ अस्थायी मतदाता कायम भएको आयोगले जनाएको छ।

निर्वाचनका लागि देशभर १० हजार ९६७ मतदानस्थलमा २३ हजार ११२ मतदान केन्द्र निर्धारण गरिएको छ। १४३ अस्थायी मतदानस्थल तय गरिएको छ। निर्वाचन सुरक्षाका लागि ७९ हजार ७२७ नेपाली सेना, ७५ हजार ७९७ नेपाल प्रहरी, ३४ हजार ५६७ सशस्त्र प्रहरी बल, एक हजार ९२१ राष्ट्रिय अनुसन्धान र एक लाख ४९ हजार ९० निर्वाचन प्रहरी खटिइएका छन्।

निर्वाचनमा दुई लाख १५ हजार कर्मचारी खटिँदैछन्। आयोगले प्रत्यक्ष र समानुपातिकतर्फ कुल चार करोड २२ लाख ५१ हजार २०० मतपत्र छपाइ गरिसकेको छ। यसपटकको निर्वाचनमा चार अन्तरराष्ट्रिय र ३९ राष्ट्रिय संस्था निर्वाचन पर्यवेक्षणमा खटिएका छन्।

# निर्वाचनका दिन यसरी मिलाइएको छ पासको व्यवस्था

काठमाडौं, १७ फागुन (रासस)।

निर्वाचन आयोगले प्रतिनिधिसभा सदस्य निर्वाचनका दिन विभिन्न सवारीसाधनलाई भने कुनै प्रकारको पास आवश्यक नपर्ने स्पष्ट पारेको छ। यही फागुन २१ गते प्रतिनिधिसभा सदस्य निर्वाचन हुँदैछ।

आयोगले सवारीसाधन सञ्चालनसम्बन्धी व्यवस्थापनलाई प्रभावकारी, व्यवस्थित र अत्यावश्यक सेवामैत्री बनाउन सवारीसाधनको अनुमतिसम्बन्धी कार्यविधि, २०८२ अनुरुप पास आवश्यक नपर्ने उल्लेख गरेको छ। आयोगबाट नेपाल सरकारलाई देहायबमोजिमका सम्बन्धित प्रयोगकर्ताले मात्र प्रयोग गर्ने र असम्बन्धित यात्रु नबोक्ने सवारीसाधनलाई पास आवश्यक नपर्ने व्यवस्था मिलाउन सिफारिस गरिएको उल्लेख गरिएको छ।

आयोगले दमकल, एम्बुलेन्स, शववाहन खानेपानीका, दूध, फलफूल, तरकारी, माछा, मासु, पेट्रोलियम पदार्थ बोकेका सवारीसाधनलाई कुनै प्रकारको पास आवश्यक पर्नेछैन। दूरसञ्चार सेवा, खानेपानी, विद्युत्, ढल मर्मतका लागि प्रयोग हुने सवारीसाधन, अस्पताल सेवाका सवारीसाधन (अस्पतालका चिकित्सक र स्वास्थ्यकर्मीलाई घरदेखि अस्पताल र अस्पतालदेखि घरसम्म आवतजावत गर्न) पास आवश्यक नपर्ने आयोगले उल्लेख गरेको छ।

अन्तरराष्ट्रिय तथा आन्तरिक हवाई सेवाका यात्रु बोकेका सवारीसाधन (विमानस्थलदेखि घर वा होटलसम्म र घर वा होटलदेखि विमानस्थलसम्म)लाई पनि कुनै पास जरुरी नपर्ने स्पष्ट पारिएको छ। त्यस्तै, हिँडडुल गर्न नसक्ने गर्भवती, सुत्केरी, आफ्नै बच्चा बोकेकी महिला, कीरियापुत्री, शारीरिक रूपमा अशक्त वा अपाङ्गता भएका व्यक्ति, हिँडडुल गर्न नसक्ने ज्येष्ठ नागरिक मतदाता र निजका एक जना सहयोगी बोकेका सवारीसाधनले पनि निर्बाध सञ्चालन हुन सक्नेछन्।

नम्बर प्लेटमा 'सिडी' उल्लेख भएका कूटनीतिक नियोगका सवारीसाधन, आयोगबाट जारी भएका पर्यवेक्षक परिचयपत्रवाहक पर्यवेक्षणकर्ताले प्रयोग गर्ने सवारीसाधन (परिचयपत्रमा उल्लिखित स्थानमा मात्र), राष्ट्रिय मानवअधिकार आयोगबाट अनुगमन र पर्यवेक्षणका लागि प्रयोग गर्ने सवारीसाधन र प्रेस पास भएका सञ्चारकर्मीका सवारीसाधन सहज रूपमा सञ्चालन हुन सक्नेछन्।

यस्तै, निर्वाचन आयोग, गृह मन्त्रालय र जिल्ला प्रशासन कार्यालय, काठमाडौँका प्रतिनिधि रहेको एकीकृत सवारीसाधन आवागमन डेस्क निर्वाचन आयोग परिसरमा स्थापना भई जिल्ला प्रशासन कार्यालय काठमाडौँ, भक्तपुर र ललितपुरबाट जारी हुनुपर्ने सवारी पाससमेत सोही डेस्कबाट जारी भइरहेको स्पष्ट पारिएको छ।

# किसानबाट ११ हजार क्वीन्टल धान खरिद

धनुषा, १७ फागुन (रासस)।

यस वर्ष खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड मधेस प्रदेश कार्यालय जनकपुरधामले विगत तीन महिना महोत्तरी र धनुषाका किसानबाट ११ हजार ६६५ क्विन्टल धान खरिद गरेको छ।

कार्यालयका प्रादेशिक प्रमुख निर्मल थापाका अनुसार महोत्तरी र धनुषा जिल्लाका ३०० किसानबाट रु चार करोड २३ लाख २४ हजार मूल्यबराबरको धान खरिद गरिएको हो। साथै कार्यालयको गोदाम भरिएपछि अहिले धान खरिद गर्न रोक्का गरिएको छ। प्रतिक्विन्टल तीन हजार ६२८ रुपैयाँ ३३ पैसाका दरले धान खरिद गरिएको हो।

गत मङ्सिर २८ गतेदेखि धान खरिद सुरु गरिएको थियो। यस वर्ष धान बिक्रीका लागि धनुषा र महोत्तरीका ठूलो सङ्ख्यामा किसानले धान बेचेको सो कार्यालयका सहायक प्रबन्धक गङ्गाप्रसाद साहले जानकारी दिनुभयो। बजार मूल्यभन्दा यस कार्यालयबाट धान खरिद मूल्य अत्यधिक भएकाले धान बिक्री गर्ने किसान अत्यधिक रूपमा आएका थिए।

कम्पनीले प्रतिकिसान अधिकतम ५० क्विन्टलसम्म धान खरिद गर्दै आएको छ। स्थानीय तहको सिफारिसका आधारमा केही किसानबाट ५५ क्विन्टलसम्म धान खरिद गरिएको सहायक प्रबन्धक साहले बताउनुभयो। धानको भुक्तानी भने सरकारले किसानको बैंक खातामै पठाउने व्यवस्था गरेको छ।

धान बिक्री गर्ने किसानमध्ये धनुषा लक्ष्मीनिया गाउँपालिका, नगराइन नगरपालिका, क्षिरेश्वरनाथ नगरपालिका तथा महोत्तरीको बलवा नगरपालिकाका किसान बढी रहेको उहाँले बताउनुभयो। यस वर्ष कार्यालयले १३ हजार क्विन्टल धान खरिद गर्ने लक्ष्य लिएको थियो। तर धान राख्ने ठाउँ कमीका कारण धान किन्न बन्द गरेको थियो। धान खरिदअघि गुणस्तर परीक्षण गर्ने गरिएको र गुणस्तरीय धान मात्र खरिद भइरहेको कार्यालयको गुणस्तर शाखाकी अधिकृत सरला प्रजापतिले जानकारी दिनुभयो।

### *निर्वाचनको तयारी ...*

निर्वाचनका लागि देशभर १० हजार ९६७ मतदानस्थलमा २३ हजार ११२ मतदान केन्द्र निर्धारण गरिएको छ। एक ४३ अस्थायी मतदानस्थल तय गरिएको छ। निर्वाचन सुरक्षाका लागि ७९ हजार ७२७ नेपाली सेना, ७५ हजार ७९७ नेपाल प्रहरी, ३४ हजार ५६७ सशस्त्र प्रहरी बल, एक हजार ९२१ राष्ट्रिय अनुसन्धान र एक लाख ४९ हजार ९० निर्वाचन प्रहरी खटिइएका छन्।

निर्वाचन दुई लाख १५ हजार कर्मचारी खटिँदैछन्। आयोगले प्रत्यक्ष र समानुपातिकतर्फ कुल चार करोड २२ लाख ५१ हजार २०० मतपत्र छपाइ गरिसकेको छ। यसपटकको निर्वाचनमा चार अन्तरराष्ट्रिय र ३९ राष्ट्रिय संस्था निर्वाचन पर्यवेक्षणमा खटिएका छन्।

## विश्व समाचार

# इरान संकट चर्कियो, खामेनीको मृत्यु पुष्टि

पेरिस, १७ फागुन (रासस/एएफपी)।

संयुक्त राज्य अमेरिका र इजरायलले इरानमाथि व्यापक हवाई आक्रमण थालेपछि मध्यपूर्व अभूतपूर्व तनावमा धकेलिएको छ। आक्रमणकै क्रममा इरानका सर्वोच्च नेता आयातोल्लाह अली खामेनीको मृत्यु भएको अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले घोषणा गर्नुभएको छ भने इरानी सरकारी टेलिभिजनले आइतबार बिहान त्यसको पुष्टि गरेको छ। घटनाक्रमले क्षेत्रीय युद्धको जोखिम तीव्र बनाएको छ।

शनिबार बिहान सुरु भएको अमेरिका-इजरायलको संयुक्त सैन्य अभियानमा तेहरानसहित विभिन्न स्थानका रणनीतिक लक्ष्यहरूमा प्रहार गरिएको जनाइएको छ। इजरायली सेनाले २०० लडाकू जेट परिचालन गरी ५०० भन्दा बढी लक्ष्यमा आक्रमण गरिएको दाबी गरेको छ। वरिष्ठ इरानी अधिकारीहरू भेला भएका स्थानहरू र मिसाइल लन्चरहरू मुख्य निशानामा परेको बताइएको छ। इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले थप स्हजारौं लक्ष्यमा कारबाही जारी रहने चेतावनी दिनुभएको छ।

यसैबीच, राष्ट्रपति ट्रम्पले आफ्नो ट्रुथ सोसल सञ्जालमार्फत 'आसन्न खतराहरू उन्मूलन गर्न' अभियान सुरु गरिएको उल्लेख गर्दै आवश्यक परेसम्म भारी र सटीक बमबारी जारी रहने बताउनुभएको छ। उहाँले खामेनीलाई 'इतिहासका सबैभन्दा दुष्ट व्यक्तिमध्ये एक' भन्दै मृत्यु भएको घोषणा गर्नुभएको थियो। त्यसको केही घण्टापछि इरानी राज्य टेलिभिजनले कालो ब्यानरसहित अभिलेख दृश्य प्रसारण गर्दै खामेनीको निधन पुष्टि गरेको हो। खामेनीको निधनमा इरानमा ४० दिनको राष्ट्रिय शोक र सात सार्वजनिक बिदा घोषणा गरिएको छ।

इरानी सञ्चारमाध्यमले खामेनीकी छोरी, ज्वाइँ र नातिनीको पनि मृत्यु भएको जनाएका छन्। देशको न्यायपालिकाले रिभोलुसनरी गार्डका प्रमुख जनरल मोहम्मद पाकपुर र शीर्ष सुरक्षा सल्लाहकार अली शामखानी आक्रमणमा 'शहीद' भएको पुष्टि गरेको छ। खामेनीको निधनपछि राष्ट्रपति मसुद पेजेस्कियनसहित दुई वरिष्ठ अधिकारीहरूले अस्थायी रूपमा नेतृत्व सम्हाल्ने सरकारी टेलिभिजनले जनाएको छ। दिवङ्गत शाहका छोरा रेजा पहलवीले घटनालाई इस्लामिक गणतन्त्रको अन्त्यतर्फको कदमका रूपमा टिप्पणी गर्नुभएको छ।

तेहरानमा आइतबार पनि शक्तिशाली विस्फोटका आवाज सुनिएका एएफपीका संवाददाताहरूले बताएका छन्, यद्यपि स्रोत स्पष्ट हुन सकेको छैन। इरानको न्यायपालिकाले मिनाबस्थित एक बालिका विद्यालयमा भएको आक्रमणमा १०८ जनाको मृत्यु भएको जनाएको छ, तर एएफपीले स्वतन्त्र पुष्टि गर्न सकेको छैन।

अमेरिका र इजरायलको कारबाहीको प्रतिउत्तरमा इरानको रिभोलुसनरी गार्ड्सले इजरायलतर्फ मिसाइल र ड्रोन आक्रमणको पहिलो लहर सुरु गरेको छ। शनिबार बहराइनस्थित अमेरिकी पाँचौं फ्लीट र खाडी क्षेत्रका अन्य अमेरिकी अड्डाहरूलाई पनि लक्षित गरिएको दाबी गरिएको छ। इजरायलको म्यागेन डेभिड एडोम आपतकालीन सेवाका अनुसार तेल अभिव क्षेत्रमा एक महिलाको मृत्यु भएको र कम्तीमा २१ जना घाइते भएका छन्। देशभर खोज तथा उद्धार टोली परिचालन गरिएको छ।

खामेनीको मृत्युपछि गार्ड्सले 'इतिहासकै सबैभन्दा हिंसक' अपरेसन सुरु गर्ने चेतावनी दिएको छ। खाडी क्षेत्रभर विस्फोटका घटनाहरू रिपोर्ट भएका छन्। संयुक्त अरब इमिरेट्सले अबु धाबीमा एक पाकिस्तानी नागरिकसहित दुई जनाको मृत्यु भएको जनाएको छ भने आफ्नो भूभागमा १३७ मिसाइल र २०९ ड्रोन प्रहार गरिएको दाबी गरेको छ। दुबईमा विस्फोटको आवाज र 'द पाम' क्षेत्रमा धुवाँ देखिएको प्रत्यक्षदर्शीहरूले बताएका छन्। चार जना घाइते भएका छन्।

रियाद, मनामा र दोहामा पनि ठूलो विस्फोटको आवाज सुनिएको एएफपीका संवाददाताहरूले जनाएका छन्। कतारले आफूविरुद्ध प्रहार गरिएका थुप्रै क्षेप्यास्त्र रोकेको दाबी गरेको छ। इराकस्थित कातेब हिजबुल्लाह समूह आबद्ध सैन्य अड्डामा भएको हवाई आक्रमणमा दुई जनाको मृत्यु भएको छ र उक्त समूहले अमेरिकाविरुद्ध जवाफ दिने चेतावनी दिएको छ। इरानले रणनीतिक होर्मुज जलडमरूमध्य बन्द गर्न कदम चालेको घोषणा गरेको छ, जसबाट विश्वको ठूलो हिस्सा तेल तथा ग्यास आपूर्ति हुँदै आएको छ।

विकासक्रमले अन्तर्राष्ट्रिय समुदायलाई पनि गम्भीर चिन्तामा पारेको छ। संयुक्त राष्ट्र सुरक्षा परिषद्ले आपतकालीन बैठक बोलाएको छ। इरानका प्रतिनिधिले अमेरिका र इजरायलमाथि सर्वसाधारणमाथि आक्रमण गरी सम्भावित युद्ध अपराध गरेको आरोप लगाएका छन्। संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले सैन्य कारबाहीले नियन्त्रणबाहिर जाने घटनाक्रम निम्त्याउन सक्ने चेतावनी दिनुभएको छ।

तेहरान-वासिङटन वार्तामा मध्यस्थता गरिरहनुभएका ओमानका विदेशमन्त्रीले हिंसाबाट निराश भएको प्रतिक्रिया दिनुभएको छ। युरोपेली सङ्घ (इयु) ले परिस्थितिलाई 'खतरनाक' भनेको छ। खाडी राष्ट्रहरूले संयुक्त वक्तव्यमार्फत इरानको आक्रमणको निन्दा गरेका छन् भने रुसले अमेरिका-इजरायल कारबाहीलाई 'खतरनाक साहसिक कार्य' भन्दै क्षेत्रीय विनाश निम्त्याउन सक्ने टिप्पणी गरेको छ। लेबनानको हिजबुल्लाह समूहले क्षेत्रीय राष्ट्र र जनतालाई अमेरिका र इजरायलविरुद्ध उभिन आह्वान गरेको छ।

यसबीच इरान, इराक, कुवेत, सिरिया, संयुक्त अरब इमिरेट्स र इजरायलले नागरिक उडानका लागि आकाश आंशिक वा पूर्ण रूपमा बन्द गरेका छन्। धेरै अन्तर्राष्ट्रिय विमान सेवाहरूले मध्यपूर्वका उडान स्थगित गरेका छन्। रुसले पनि इरान र इजरायलतर्फका व्यावसायिक उडान अर्को सूचना नआउन्जेल रद्द गरेको जनाएको छ।

तेहरानबाट सुरु भएको यो द्वन्द्वले अब खाडी क्षेत्र र विश्व शक्तिहरूलाई प्रत्यक्ष रूपमा तान्दै व्यापक क्षेत्रीय सङ्घर्षको सम्भावना बलियो बनाएको छ।

# आचारसंहिता उल्लङ्घन गर्ने ९४ लाई स्पष्टीकरण, ५७ वटाको जवाफ

काठमाडौँ, १७ फागुन (रासस)।

केन्द्रीय आचारसंहिता अनुगमन समितिमा हालसम्म प्राप्त भएका उजुरीमध्ये ९४ लाई स्पष्टीकरण सोधिएको छ। राजनीतिक दल तथा उम्मेदवारहरूलाई स्पष्टीकरण सोधिएकामा ५७ वटाको जवाफ प्राप्त भएको निर्वाचन आयोगले जनाएको छ।

हालसम्म ८८ जनालाई स्पष्टीकरण र छ जनालाई पुनः स्पष्टीकरण सोधिएको आयोगका कानुन अधिकृत मोहनराज जोशीले राससलाई जानकारी दिनुभयो। दोहोऱ्याएर स्पष्टीकरण सोध्दा पनि चित्तबुझ्दो जवाफ प्राप्त नभएपछि आयोगले आठ जनालाई कारबाही गरेको उहाँले बताउनुभयो।

आयोगले निर्वाचन आचारसंहिता उल्लङ्घन गरेको भनी उजुरी परेका राजनीतिक दल, उम्मेदवार, सरकारी एवं गैरसरकारी संस्था, सञ्चारमाध्यम र पत्रकारलाई पनि स्पष्टीकरण सोधेको हो। दर्ता भएका सञ्चारमाध्यम र त्यहाँ आबद्ध पत्रकारलाई भने प्रेस काउन्सिल नेपालमार्फत स्पष्टीकरणलगायत कारबाहीका लागि लेखी पठाइएको जोशीले जानकारी दिनुभयो।

उहाँका अनुसार निर्वाचन विश्लेषणका नाममा मत सर्वेक्षण गरेर दल र उम्मेदवार विशेष निर्वाचित हुँदै भनी समाचार सामग्री प्रकाशन गर्ने सेतोपाटी अनलाइनलाई पनि प्रेस काउन्सिलमार्फत स्पष्टीकरण सोधिएको छ। जिल्लास्तरमा समेत निर्वाचन आचारसंहिता उल्लङ्घनविरुद्धका उजुरी प्राप्त भई आवश्यक कारबाही भइरहेका छन्। निर्वाचन आचारसंहिताको प्रभावकारी परिपालना गराई उल्लङ्घनका घटनालाई न्यूनीकरण गर्न आयोगले प्राप्त उजुरीमा आवश्यक जाँचबुझ र कारबाहीको प्रक्रिया अघि बढाइरहेको छ।

प्राप्त भएका ५७ वटा जवाफको थप अध्ययन भइरहेको पनि आयोगले जनाएको छ। आचारसंहिताको प्रभावकारी कार्यान्वयनका लागि केन्द्रीय आचारसंहिता अनुगमन समिति, जिल्ला आचारसंहिता अनुगमन समिति, जिल्ला आचारसंहिता अनुमगन अधिकृत तथा सम्बन्धित निर्वाचन कार्यालयहरू क्रियाशील रहेको कानुन अधिकृत जोशीले बताउनुभयो।

जिल्लास्तरमा आचारसंहिता अनुमगनलाई प्रभावकारी बनाई कार्यान्वयन सुनिश्चितताका लागि निर्वाचन आचारसंहिता, २०८२ को दफा ३२ बमोजिम ७७ वटै जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारीलाई आर्थिकबाहेकका अन्य विषयमा र प्रमुख कोष नियन्त्रक/कोष नियन्त्रकलाई आर्थिक विषयमा अनुगमन गर्न आचारसंहिता अनुगमन अधिकृत तोकिएको छ।

छोटो समयमा सबै जिल्लामा सरोकारवालालाई आचारसंहिताबारे जानकारी गराउने र आचारसंहिता पालना गर्ने प्रतिबद्धता गराउने कार्य प्रभावकारी रूपमा भइरहेको आयोगले जनाएको छ। जिल्लास्तरमा आएका उजुरीका सम्बन्धमा जिल्लाबाटै स्पष्टीकरण सोधी जवाफ माग गरेर दोषी देखिएकालाई कानुनी कारबाहीको प्रक्रिया अघि बढाइएको आयोगका कानुन अधिकृत जोशीले उल्लेख गर्नुभयो।

जिल्लाजिल्लामा गरी हालसम्म एक हजार ७६ वटा उजुरी प्राप्त भएकामा एक हजार ६१ वटाको फछ्र्यौट गरिएको आयोगले जनाएको छ। उहाँका अनुसार राजनीतिक दल र उम्मेदवार निर्वाचन आचारसंहिता, २०८२ उल्लङ्घनसम्बन्धी लुम्बिनी प्रदेशका जिल्लामा बढी उजुरी परेका छन्।

# निर्वाचनको दिन यी सवारीसाधनलाई पास आवश्यक पर्दैन : आयोग

काठमाडौँ, १७ फागुन (रासस)।

निर्वाचन आयोगले निर्वाचनको दिन सम्बन्धित प्रयोगकर्ताले मात्र प्रयोग गर्ने र असम्बन्धित यात्रु नबोक्ने सवारीसाधनलाई पास आवश्यक नपर्ने व्यवस्था मिलाउन सरकारसँग अनुरोध गरेको छ।

आयोगले शनिबार विज्ञप्ति जारी गर्दै आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको मतदानको दिन (फागुन २१ गते) सवारीसाधन सञ्चालनसम्बन्धी व्यवस्थापनलाई प्रभावकारी, व्यवस्थित र अत्यावश्यक सेवामैत्री बनाउन 'सवारीसाधन अनुमतिसम्बन्धी कार्यविधि, २०८२' को दफा ५ को खण्ड 'त', दफा ९ र दफा ११ समेतका आधारमा सरकारसँग अनुरोध गरिएको जनाएको हो।

निर्वाचनको दिन दमकल, एम्बुलेन्स, शववाहन, खानेपानीका ट्याङ्कर, दूध, फलफूल, तरकारी, माछामासु, पेट्रोलियम पदार्थ बोकेका सवारीसाधन, दूरसञ्चार सेवा, खानेपानी, विद्युत्, ढल मर्मतका लागि प्रयोग हुने, अस्पताल सेवाका सवारीसाधन (अस्पतालका चिकित्सक र स्वास्थ्यकर्मीलाई घरदेखि अस्पताल र अस्पतालदेखि घरसम्म आवतजावत गर्न) र अन्तरराष्ट्रिय तथा आन्तरिक हवाई सेवाका यात्रु बोकेका (विमानस्थलदेखि घर वा होटलसम्म र घर वा होटलदेखि विमानस्थलसम्म) सवारीसाधन पास आवश्यक नपर्ने आयोगले जनाएको छ।

त्यसैगरी, हिँड्डुल गर्न नसक्ने गर्भवती, सुत्केरी, साथमा आफ्नै बच्चा बोकेकी महिला, किरियापुत्री, शारीरिक रूपले अशक्त वा अपाङ्गता भएका व्यक्ति, हिँड्डुल गर्न नसक्ने ज्येष्ठ नागरिक वा मतदाता र निजका एक जना सहयोगी बोकेका सवारीसाधन, नम्बर प्लेटमा सिडी उल्लेख भएका कूटनीतिक नियोगका सवारीसाधन, आयोगबाट जारी भएका पर्यवेक्षक परिचयपत्रवाहक पर्यवेक्षणकर्ताले प्रयोग गर्ने सवारीसाधन (सो परिचयपत्रमा उल्लिखित स्थानमा मात्र), राष्ट्रिय मानव अधिकार आयोगबाट अनुगमन/पर्यवेक्षणका लागि प्रयोग हुने सवारीसाधन र प्रेस पास भएका सञ्चारकर्मीका सवारीसाधनका लागि पनि पास आवश्यक नपर्ने आयोगले विगले जनाएको हो।

आयोगले विज्ञप्तिमा भनेको छ, "निर्वाचन आयोग, गृहमन्त्रालय र जिल्ला प्रशासन कार्यालय, काठमाडौँका प्रतिनिधि रहेको एकीकृत सवारीसाधन आवागमन 'डेस्क' निर्वाचन आयोग परिसरमा स्थापना भई जिल्ला प्रशासन कार्यालय काठमाडौँ, भक्तपुर र ललितपुरबाट जारी हुनुपर्ने सवारी पाससमेत सोही डेस्कबाट जारी भइरहेको व्यहोरासमेत जानकारी गराइन्छ।"

# निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न/गराउन आग्रह

काठमाडौँ, १७ फागुन (रासस)।

पर्यावरणीय लोकतन्त्रका लागि नागरिक अभियान, नेपालले यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न/गराउन आग्रह गरेको छ। अभियानले शनिबार एक विज्ञप्ति जारी गरी निर्वाचनको 'मौन अवधि' मा आचारसंहिता उल्लङ्घनको जोखिम उच्च रहने विगतको अनुभवलाई दृष्टिगत गर्दै सतर्कता अपनाउन आग्रह गरेको हो।

यो संस्थाले निर्वाचन आयोगद्वारा जारी 'निर्वाचन आचारसंहिता-२०८२' को पूर्ण पालनाका लागि सबै सरोकार भएका निकायका प्रतिनिधिको ध्यानाकर्षण गराउँदै हालसम्म आचारसंहिताको कार्यान्वयन आधारभूत रूपमा सकारात्मक देखिए पनि पछिल्ला दिनमा उल्लङ्घनका घटनाहरू सार्वजनिक हुनु चिन्ताको विषय बनेको जनाएको छ।

"भय, त्रास, लोभ र प्रलोभनयुक्त वातावरणमा गरिने निर्वाचनले लोकतान्त्रिक प्रणालीलाई सुदृढ गर्न सक्दैन", विज्ञप्तिमा भनिएको छ, "निर्वाचनलाई निष्पक्ष र पारदर्शी बनाउनु हामी सबैको साझा जिम्मेवारी हो। यसमा सरोकार भएका सबैले सहकार्य र समन्वय गरी निर्वाचन सम्पन्न गर्न/गराउन सकारात्मक कदम चाल्नु पर्दछ।"

नागरिक अभियानले सङ्घीय सरकार, राजनीतिक दल, सुरक्षा निकाय, सञ्चारजगत्, निर्वाचन पर्यवेक्षक, उम्मेदवार तथा आममतदातालाई आचारसंहिताको अक्षरशः पालना गर्न हार्दिक आग्रह गरेको छ। अभियानले स्वच्छ निर्वाचन लोकतन्त्रको प्राणवायु भएको उल्लेख गर्दै वातावरणीय र सामाजिक न्यायसहितको लोकतन्त्रका लागि सबैलाई जिम्मेवार बन्न आग्रह गरेको हो।

# मध्यपूर्वमा १७ लाखभन्दा बढी नेपाली, सुरक्षाका निर्देशन पालना गर्न सरकारको आग्रह

काठमाडौँ, १७ फागुन (रासस)।

नेपाल सरकारले मध्यपूर्व क्षेत्रमा पछिल्लो विकसित घटनाक्रमपछि त्यहाँ रहेका १७ लाख बढी नेपालीलाई सम्बन्धित मुलुकको सुरक्षा निर्देशन पालना गरी सुरक्षित रहन आग्रह गरेको छ।

परराष्ट्र मन्त्रालयमार्फत सरकारले त्यस क्षेत्रमा रहेका नेपाली नागरिकको सुरक्षा उच्च प्राथमिकतामा रहेको जनाउँदै सुरक्षा सतर्कता अपनाउन आग्रह गरेको हो। संयुक्त राज्य अमेरिका र इजरायलले इरानमाथि शनिबार संयुक्त रूपमा सैन्य आक्रमण गरेपछि र इरानले त्यसको प्रत्याक्रमण गरेपछि मध्यपूर्वको स्थिति तनावपूर्ण बनेको छ।

सो सम्बन्धमा जानकारी दिन मन्त्रालयले आइतबार यहाँ आयोजना पत्रकार सम्मेलनमा सहसचिव कृष्णप्रसाद ढकालले भन्नुभयो, "हालसम्म त्यस क्षेत्रमा नेपाली नागरिक सुरक्षित छन्। नेपाल सरकारले घटनाक्रम नजिकबाट हेरिरहेको छ। सम्बन्धित मुलुकले जारी गरेको सुरक्षासम्बन्धी सूचना जानकारी लिई त्यसको पालना गर्न आग्रह गर्दछौँ।"

यस्ता घटनाक्रमलाई सम्बोधन गर्न मन्त्रालयले 'र्‍यापिड एक्सन टिम' गठन गर्न लागेको सहसचिव ढाललले जानकारी दिनुभयो।

मध्यपूर्व र आसपासका इरानमा छ जना, इजरायलमा छ हजार ५००, इजिप्टमा ५००, ओमानमा २५ हजार, कतारमा तीन लाख ५७ हजार, कुवेतमा एक लाख ७५ हजार, जोर्डनमा तीन हजार, बहराइन २८ हजार, साउदी अरबमा तीन लाख ८४ हजार ८६५, संयुक्त अरब इमिरेट्समा चार लाख ७८ हजार १४४, लेबनानमा एक हजार ५००, इराकमा ३० हजार र साइप्रसमा १७ हजार गरी हाल कुल १७ लाख २९ हजार २८८ जना नेपाली नागरिक रहेको जनाइएको छ।

पत्रकार सम्मेलनमा मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले त्यस क्षेत्रका नेपालीको सुरक्षाका लागि सरकारले आवश्यक काम र पहल गरिरहेको बताउनुभयो। उहाँले त्यहाँ नेपाली नागरिकलाई घरभित्रै सुरक्षित रहन, सूचना पालना गर्न, अफ्ठ्यारो परेमा दूतावास र मन्त्रालयसँग सम्पर्कमा रहन आग्रह गर्नुभयो।

मध्य एसिया, पश्चिम एसिया तथा अफ्रिका महाशाखाका प्रमुख रामकाजी श्रेष्ठले नेपाली नागरिकको सरक्षाका लागि त्यस क्षेत्रका आठ दूतावास र दुई कन्सुलर सेवाबाट सूचना जारी गरी समन्वय भइरहेको प्रवक्ता क्षेत्रीले बताउनुभयो। यसैगरी मन्त्रालयले 'एडभाइजरी' जारी गर्दै सुरक्षासम्बन्धी निर्देशन तथा सूचना कडाइका साथ पालना गर्न आग्रह गरेको हो।

"सकेसम्म घरभित्रै बस्नुहोस्, सतर्क रहनुहोस्, आवश्यक सावधानी अपनाउनुहोस् र आफू रहेको स्थानका नेपाली समुदायसँग नियमित सम्पर्कमा रहनुहोस्। सम्बन्धित निकायको पूर्वस्वीकृतिबिना अनावश्यक यात्रा नगर्नुहोस्। काठमाडौँस्थित परराष्ट्र मन्त्रालय, तेल अविवस्थित नेपाली दूतावास तथा दोहास्थित नेपाली राजदूतावाससँग नियमित सम्पर्कमा रहनुहोस्", मन्त्रालयले जारी गरेको एडभाइजरीमा उल्लेख छ।

मध्यपूर्वको घटनाक्रमपछि हाल भिसा र टिकट लिई गन्तव्य मुलुक जाने तयारीमा रहेका, गन्तव्य मुलुक जानका लागि विमानस्थल पुगेका र युरोप तथा अमेरिका जानका लागि ट्रान्जिट विमानस्थलमा अलपत्र परेका नेपाली नागरिकले सास्ती भोग्नुपरेको पनि जनाइएको छ।


सूचना! सूचना!! सूचना!!!

इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरू यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरू उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं।



हाम्रो सेवाहरू:
१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा

सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४



**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३८२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*